# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।०८।१३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

अनिरुद्र पब्लिक माध्यमिक विद्यालय, यशोधरा गा.पा.-५, बैदौली, कपिलवस्तुका तत्कालीन प्रधानाध्यापक देवेन्द्रमणी त्रिपाठीले आ.व. २०७४/०७५ मा विज्ञान प्रयोगशालाको लागि विद्यालयमा प्राप्त रकमबाट कुनै काम नगरी फर्जी बिल बनाई हिनामिना गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन प्रधानाध्यापक देवेन्द्रमणी त्रिपाठी र लेखापाल/कार्यालय सहायक असर्फि यादवले खर्चको आवश्यकता तथा कानूनी प्रावधानलाई नजरअन्दाज गरी बिद्यालय कोषवाट रकम निकाली विद्यालय निर्माणमा खर्च नगरी रु. ७,८२,६५१।६० हिनामिना गरेको हुँदा निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको देखिन आएकोले उक्त कसुरमा संलग्न प्रधानाध्यापक देवेन्द्रमणी त्रिपाठी र तत्कालीन लेखापाल असर्फि यादवसमेतलाई ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम रु. ७,८२,६५१।६० (सात लाख बयासी हजार छ सय एकाउन्न रुपैयाँ साठी पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल